# मानव अधिकार पत्र

*राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन*

बर्ष ४ | अङ्क ३ | असार

## आयोगद्वारा स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरूसँग छलफल




नेपाल सरकारले सञ्चालन गरेको कोभिड १९ विरुद्धको खोपमा नागरिकको पहुँचको अवस्था, खोप कार्यक्रमको प्रगति तथा समग्रमा यसको रोकथाम तयारी र चुनौती सम्बन्धमा जानकारी लिने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले स्वास्थ्य मन्त्रालय तथा विभागका उच्च पदस्थ अधिकारीहरूसँग मिति २०७८ असार १४ गते आयोगमा छलफल गरेको छ ।

छलफलको क्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दिपेन्द्ररमण सिंहले कोभिड १९ को दोस्रो लहर विश्वभर नै तीव्र रूपमा फैलिरहेको, यसले मानिसको स्वास्थ्यमा जटिल समस्या ल्याइरहेको उल्लेख गर्नुभयो । नेपालमा हालसम्म पनि उच्च दरमा सङ्क्रमण फैलिरहेको परिस्थितिमा पर्याप्त खोप नहुँदा जोखिमको अवस्था कायमै रहेको उहाँको भनाइ थियो । उहाँले खोप आयातको लागि कुटनीतिक प्रयास जारी रहेकोले एक हप्तामा सहजता आउने बताउँदै ७२ प्रतिशत नागरिकलाई खोप दिने लक्ष्य राखिएको जानकारी गराउनुभयो ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीले हालको तथ्याङ्क हेर्दा प्रदेश नं. १, २ र वाग्मत प्रदेशमा अझै पनि जोखिम कायमै रहेको र हाल १३,६९,०००

जना नागरिकहरू खोपको दोस्रो मात्रा पर्खेर बसिरहेको बताउनुभयो भयो। स्वास्थ्यकर्मी, सरसफाइकर्मी एम्बुलेन्स चालक, सेवा प्रदायक संस्थाका कर्मचारीहरू, वृद्धाश्रम, अनाथालय, कैदीबन्दीलाई पहिलो प्रथमिकता, ६० वर्ष उमेर माथिकालाई दोस्रो र १५ देखि ५४ वर्षसम्मकालाई तेस्रो प्राथमिकतामा राखिएको छलफलको क्रममा जानकारी गराइएको थियो। स्वास्थ्य सेवा विभागका डा. झलक गौतमले खोपको उपलब्धता र प्राथमिकताबारे जानकारी दिनुभयो । डा. तारानाथ पोखरेलले स्वास्थ्य सामग्री बिक्रीवितरणमा कालो बजारी भएका विवरणहरू प्राप्त भएको र यस सम्बन्धमा समिति गठन गरी अनुसन्धान भइरहेको तथा विश्व स्वास्थ्य सङ्गठनको मापदण्डका आधारमा नै कार्ययोजना बनाई खोप वितरण गरिरहेको बताउनुभयो ।

आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले पहिलो खोप लगाएका नागरिकहरूलाई दोस्रो खोपको व्यवस्था मिलाउन, अग्रपङ्तिमा रहेर कार्य गर्नेहरूलाई खोपमा प्राथमिकता दिन र सबै नागरिकहरूलाई खोप लगाउने कुराको सुनिश्चिता गर्न निर्देशन दिनुभयो । आयोगका माननीय सदस्यहरूले महासङ्कटको घडीमा स्वास्थ्यकर्मीहरूको योगदान प्रशंसनीय रहेको भए पनि खोपको विभेदपूर्ण वितरणको विषय गम्भीर रहेको बताउँदै खोपको दोस्रो मात्रा राजनीतिक पहुँच हुनेले मात्र प्राप्त गरेको, कोभिडका बिरामीहरूलाई कतिपय निजी अस्पतालहरूले बढी शुल्क लिने गरेको विषयमा ध्यानाकर्षण गराउनुभयो । छलफलमा आयोगका कामु सचिव र कर्मचारीको समेत उपस्थिति रहेको थियो ।

**कोभिड १९ को महामारीको अवस्थामा आमनागरिकको स्वास्थ्य उपचारको अवस्था सम्बन्धमा अनुगमन**

**नागरिकको स्वास्थ्य अवस्था एवमम् जीवन नै जोखिममा पर्न गएको अवस्थाप्रति आयोगको चिन्ता**

कोभिड १९ बाट उत्पन्न सङ्कटको परिस्थितिमा आमनागरिकहरूको स्वास्थ्य उपचारलगायत अन्य अधिकारहरूको अवस्था सम्बन्धमा आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट अनुगमन गरिएको छ । अनुगमनबाट नागरिकको स्वास्थ्य अवस्था एवमम् जीवन नै जोखिममा पर्न गएको पाइएको छ । आयोगबाट गरिएको अनुगमनहरूबाट तपसिलबमोजिम सूचना तथा तथ्यहरू प्राप्त भएका छन्:

- कास्की, मोरङ, झापालगायतका जिल्लाहरूमा अक्सिजन, आइ.सि.यु. तथा भेन्टिलेटरको अभावमा व्यक्तिहरूको ज्यान गएको,
- दम, मधुमेहलगायतका अन्य दीर्घ रोगीहरूले नियमित सेवन गर्नुपर्ने औषधीको अभाव देखिएको र व्यवस( ायीहरूले हालको मूल्यमा सिटामोल उत्पादन गर्न नसकिने भनी जानकारी गराएको ।
- प्रदेश १ का पहाडी जिल्लाहरूमा पिसिआर परीक्षणको व्यवस्था हुन नसकेको ।
- खाद्यान्न तथा औषधिको आपूर्तिमा कमी हुँदा आभाव देखिन थालेको साथै केही जिल्लाहरूमा निषेधाज्ञा वा अन्य समयमा पसल खोल्दा प्रहरीबाट कानुनबमोजिम कारबाही गर्नुको साटो निर्घात कुटपिट तथा दुर्व्यवहार गर्ने गरेको जनगुनासो प्राप्त भएको ।
- गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण हुन नसकेको तथा दुई वर्षमुनिका बालबालिकाहरूले नियमित खोप लगाउन नपाएको ।
- मोरङको विराटनगरमा सञ्चालित कोभिडविरुद्धको खोप लक्षित वर्गभन्दा अन्यले लगाएको भनी विभिन्न सञ्चार माध्यममा समाचार प्रकाशन हुनुका साथै आयोगको अनुगमनको क्रममा समेत सोही अवस्था पाइएको ।
- अग्रपङ्तिमा खटिने सबैलाई सङ्घीय सरकार तथा प्रदेश सरकारबाट निर्णय भई जोखिम भत्ताको व्यवस्था भए पनि सबैले प्राप्त गर्न नसकेको ।

- कोभिड १९ को महामारीको उपचारार्थ अहोरात्र खटिएका स्वास्थ्यकर्मीहरू तथा आस्पतालको स्वास्थ्य उपकरणमाथि बिरामीका आफन्तहरूबाट आक्रमण तथा दुर्व्यवहारका घटनाहरू जारी रहेको ।

- निषेधाज्ञाको समयमा ज्याला मजदुरी गरी खाने श्रमिकहरू, गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूमा मानसिक असर परेको । यस प्रकृतिका समस्या सम्बोधन गर्ने खालका कार्यक्रम तथा विषेश पहल हुन नसकेको ।

- विभिन्न हिरासत, थुनुवा कक्ष तथा कारागारहरूमा क्षमताभन्दा अत्याधिक बढी कैदीबन्दी राखिएकाले कोरोना सङ्क्रमण हुन सक्ने डरत्रासको अवस्था विद्यमान रहेको ।

उल्लिखित तथ्यहरूको आधारमा आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराउँदै कोभिड १९ बाट उत्पन्न अवस्थालाई सम्बोधन गर्न आग्रह गरेको छ । नागरिकहरूमाथि दुर्व्यवहार नगर्न, व्यक्तिको जीवन, स्वास्थ्य र दैनिक जीवनमा अत्यावश्यक पर्ने सेवा, वस्तुको पहुँच, आपूर्ति व्यवस्थापन तथा नियमन गर्न भनेको छ । अग्रपङ्तिमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतको मनोबल उच्च राख्न, जोखिम भत्ता उपलब्ध गराउन जोड दिएको छ । यसको साथै न्यून आर्जन भएका श्रमिक तथा ज्यालामजदुरी गरी जीवनयापन गर्ने व्यक्ति, परिवार वा समुदायको पहिचान गरी निजहरूको लागि जिविकोपार्जनका लागि आवश्यक कार्यक्रमको व्यवस्थापन गर्न गराउन आग्रह गरेको छ ।

### अस्पताल, कारागार र बाल सुधार गृहमा आयोगको अनुगमन

लुम्बिनी प्रदेश कार्यालयबाट प्रमुख सम्झना शर्माको नेतृत्वमा मिति २०७८ असार १–३ सम्म स्थलगत अनुगमनका लागि टोली खटिएको थियो । टोलीले कपिलवस्तु र रूपन्देही जिल्लास्थित अस्पताल, कारागार र बाल सुधार गृहमा कोभिड १९ र मानव अधिकार अवस्थाबारे अनुगमन गरेको छ । विशेषतः अस्पतालमा स्वास्थ्य सेवा प्रवाहको अवस्था, कारागारमा कैदीबन्दीहरूको मानव अधिकार अवस्था र बाल सुधार गृहका बालबालिकाको मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन केन्द्रित रहेको थियो । अनुगमनको क्रममा सम्बन्धित निकायका प्रमुखहरूसँग प्रत्यक्ष भेटघाट, स्थलगत अवलोकन, सोधपुछ तथा अन्तरक्रिया गरी सूचना तथा तथ्यहरू सङ्कलन गरिएको थियो ।

### जिल्ला अस्पताल, कपिलवस्तु




स्वास्थ्य अवस्थाको विषयमा आयोगको टोलीले कपिलवस्तु जिल्ला अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. किशोर बञ्जाडेसँग छलफल गरेको थियो । सो क्रममा कोभिड १९ को दोस्रो लहर सुरु हुने सम्भावना देखिएकोले अस्पताल प्रशासनले आई पर्नसक्ने जोखिमको आँकलन गरी आन्तरिक तयारी गरेको बताउँदै यसले गर्दा जटिल समस्या नपरेको भनाई राख्नुभयो । पूर्वतयारीका योजनाहरू बनाई सोहीबमोजिम कार्य गर्न सकिएकोले केही दिन अक्सिजनको अभाव भए पनि यसलाई जिल्लाका सबै सरोकारवालाहरूको सहयोग र साथले समस्या

समाधान गर्न सफल भएका उहाँले बताउनुभयो । अस्पतालमा हाल सिटीस्क्यान र डायलासिस बाहेक अन्य सबै प्रकारका सेवाहरू सञ्चालनमा रहेको र ५० बेड क्षमताको भनिएता पनि ७० बेड क्षमतासम्म बिस्तार गरी सेवा दिइरहेको जानकारी गराउनुभयो । यसको साथै अस्पतालमा कार्यरत अधिकांश स्वास्थयकर्मी तथा कर्मचारीहरू अस्थायी दरबन्दीमा रहेका, स्वास्थ्य सेवाको दीगो विकासको लागि जनशक्ति व्यवस्थापन चुनौतिपूर्ण रहेकोले यो पक्षमा नीतिगत तहमा नै गृहकार्य आवश्यक रहेको भन्ने अस्पतालका प्रमुख डा. को भनाइ रहेको थियो । जम्मा एकसय ६० जना जनशक्ति रहेको अस्पतालमा अत्यन्त न्यून सङ्ख्यामा मात्र स्थायी स्वास्थ्यकर्मी तथा कर्मचारीहरू रहेका छन् भएका जनशक्तिहरूको तालिम लगायत क्षमता अभिवृद्धि गर्नुपर्ने एवमम् विशेषज्ञ डाक्टर लगायत दक्ष जनशक्तिको अभाव र भौतिक पूर्वाधारको अभावलाई सरकारले तत्काल व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको अनुगमनको क्रममा पाइएको छ। अस्पतालमा अनुगमन गरिएको दिन कोभिड वार्डमा जम्मा आठजना बिरामीहरू उपचाररत रहेका थिए । इमर्जेन्सीमा एकजना बिरामीको पीसीआर रिपोर्टको लागि पठाइएको र रिपोर्टपश्चात् थप उपचार गरिने अनुगमनको क्रममा पाइएको थियो

**जिल्ला स्वास्थ्य कार्यालय, रूपन्देही**

आयोगको अनुगमन टोलीले जिल्ला स्वास्थ्य कार्यालय रूपन्देहीका प्रमुख राजेन्द्रप्रसाद गिरीसँग भेटघाट गरी जिल्लामा कोभिड १९ विरुद्धको खोप सञ्चालनको अवस्था लगायतका विषयमा छलफल गरेको छ । सो क्रममा, आयोगले केही दिनअघि गरेको खोपकेन्द्रको अनुगमनबाट देखिएका व्यवस्थापकीय कमजोरी, जेष्ठ नागरिकहरूले भोग्नुपरेको समस्याको बारेमा जानकारी गराएको थियो । खोप केन्द्रमा खटिएका कर्मचारी र स्वास्थ्यकर्मीहरूले बेहोर्नुपरेको कठिनाइ तथा स्थानीय सरकार र जिल्ला स्वास्थ्य कार्यालयले अपनाउनुपर्ने पूर्वसावधानी अपनाउनुपर्ने तर्फ ध्यानकर्षण गराइएको थियो । खोप सञ्चालन गर्ने क्रममा आगामी दिनमा समेत नागरिकहरूले सहज तरिकाबाट खोप प्राप्त गर्न सक्ने अवस्थाको सुनिश्चितता गर्न सम्बन्धीत निकायहरू सचेत बन्न विषेश ध्यान दिनुपर्नेमा आयोगको जोड थियो ।



रूपन्देही जिल्लाका स्वास्थ्य कार्यालय प्रमुखले खोप सेवालाई सुव्यवस्थित बनाउन प्रयासहरू भइरहेको जानकारी गराउनुभएको थियो । सरकारले न्यून सङ्ख्यामा मात्र खोप उपलब्ध गराएको अवस्था र खोप सबैको आवश्यकता भएकोले विभिन्न वर्ग समूहलाई प्राथमिकता निर्धारण गरी खोप दिनुपर्ने अवस्था सिर्जना भएको उहाँको भनाइ थियो । खोप सञ्चालनमा स्थानीय तहहरूले आवश्यक समन्वय गर्नुपर्नेमा उहाँको जोड रहेको थियो । उहाँले आयोगको सुझावलाई सकारात्मक रूपमा लिइएको र आगामी दिनहरूमा सञ्चालन गरिने खोप सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

**जिल्ला कारागार, कपिलवस्तु**

अनुगमनको क्रममा आयोगको टोलीले कपिलवस्तु जिल्लाका कारागार प्रमुख राकेश पाण्डेसँग भेटघाट

गरी छलफल गर्नुका साथै कैदीबन्दी तथा कारागाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूसँग जानकारी लिएको थियो । सो क्रममा कारागारको क्षमता तीनसय ५२ रहेकोमा चारसय २९ जना कैदीबन्दी रहेकोले कोभिड १९ को अवस्थामा सामाजिक दूरी तथा स्वास्थ्य मापदण्डको पालनामा समस्या देखिएको पाइएको छ ।

कारागार परिसरको सरसफाई तुलनात्मक रूपमा राम्रो रहेको पाइयो । कारागारमा ढलनिकासको व्यवस्था नहुँदा गर्मी समयमा पानी जम्ने, झिंगा लाग्ने र सरसफाइको व्यवस्थापन गर्न कठिन हुने गरेको कैदीबन्दी तथा कारागार प्रशासनको भनाइ थियो । कारागारमा खानेपानीको समस्या रहेको र दुई ब्लकमा शौचालयको संङ्ख्या जम्मा १८ ओटा मात्र रहेकोले पालो कुरेर बस्नुपर्ने र भिडभाड हुने गरेको अनुगमनको क्रममा पाइएको छ ।

बाल सुधार गृह, रूपन्देहीअनुगमनको क्रममा आयोगको टोलीले रूपन्देहीको बाल सुधार गृहका प्रमुख सुभद्रा गौतमसँग बाल सुधार गृह, त्यहाँ रहेका बालबालिकाहरूको अवस्था, बालगृह सञ्चालन र व्यवस्थापनमा देखिएका समस्याहरू तथा आगामी दिनमा चाल्नुपर्ने कदमहरूको बारेमा जानकारी लिएको थियो ।





सामाजिक दुरी कायम गरी सुधारगृहभित्र रहेका बालबालिकाहरूसँग उनीहरूको अवस्थाको बारेमा प्रतिनिधिमूलक तवरले सोधपुछ गरिएको थियो । सुधार गृहका प्रमुखले बालमैत्री वातावरणमा सुधार गृहहरू सञ्चालन गरिने भन्ने नीति व्यवहारत: अवलम्बन हुन कठिनाइ भएको जानकारी गराउनुभएको थियो । स्थान अभावका कारणले गर्दा बालबालिकाहरू भित्रै गुम्सिएर बस्न बाध्य रहेकाले जीउ दुख्ने, हातगोडा नचल्ने जस्ता समस्याहरू हुने गरेको उहाँको भनाइ थियो । सुधार गृहमा जबरजस्ती करणी ४० जना, लागूऔषध ११, कर्तव्य ज्यान १६ र चोरी मुद्दामा तीन जना बालबालिकाहरू गरी ७० जना रहेका थिए । स्थान एवमम् सामग्रीको अभावले उनीहरूका लागि खेलकुद, शैक्षिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गर्न सकेको पाइएन । बाल सुधार गृहमा रहेका बालकहरूमात्र रहेको उनीहरूलाई सरकारले दैनिक रूपमा उपलब्ध गराइने ६० रुपियाँ र सात सय ग्राम चामल पोषणयुक्त खानाको लागि पर्याप्त नभएको अनुगमनको क्रममा पाइयो ।

टोलीले कारागारमा क्षमताअनुसार मात्र कैदीबन्दीहरू राख्न, खानेपानी, शौचालय, सरसफाइ तथा

बसोबासजस्ता आधारभूत विषयको सम्बोधनका लागि आवश्यक पहल गर्नुपर्ने सुझाएको थियो । त्यसैगरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनका लागि स्वास्थ्य सामग्री, उपकरण र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनका साथै भौतिक पूर्वाधारको व्यवस्थापनमा जोड दिन आग्रह गरेको थियो। बालमैत्री वातावरणमा बालसुधार गृहको सञ्चालन हुनुपर्ने, पोषणयुक्त खाना, खेलकुद, मनोरञ्जन, शैक्षिक सामग्री लगायतका विषयमा सम्बोधन हुनुपर्ने आयोगको टोलीको सुझाव दिएको थियो ।

## कारागार र अस्पतालका आइसोलेसन केन्द्रहरूको अवस्था अनुगमन

आयोगको लुम्बिनी प्रदेश र शाखा कार्यालय नेपालगञ्जले बाँके र बर्दिया जिल्लास्थित कोभिड अस्पताल, आइसोलेसन केन्द्रहरू र कारागारमा कोभिड १९ र मानव अधिकार अवस्थाबारे अनुगमन गरेको छ । आयोगका लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जका झंकर बहादुर रावलको नेतृत्वमा मिति २०७८ जेठ १३–१८ गतेसम्म टोली खटिएको थियो । टोलीले कोभिड अस्पतालमा स्वास्थ्य सेवा प्रवाहको अवस्था, कारागारमा कैदीबन्दीहरूको मानव अधिकार अवस्था आइसोलेसन केन्द्रहरूमा आवश्यक स्वास्थ्य सामग्री, जनशक्ति व्यवस्थापन लगायतका सम्बन्धमा स्थलगत अनुगमन गरेको थियो । अनुगमनको क्रममा सम्बन्धित निकायका प्रमुखहरूसँग प्रत्यक्ष भेटघाट, स्थलगत अवलोकन, सोधपुछ तथा अन्तरक्रिया गरी सूचना तथा तथ्यहरू संकलन गरिएको थियो ।

## बाँके जिल्ला कारागार

अनुगमनको क्रममा कारागारमा तीनसय ५० जनाको क्षमता भएकोमा सातसय ७९ जना कैदीबन्दहरू भएको पाइएको थियो । कोभिड १९ को दोस्रो लहर नेपालमा सुरु भएपछि महिला र बालबालिकाहरूलाई नेपालगञ्ज कारागारमा नराखिएको र पुरुष कैदीहरूमात्रै राखिएका थिए । उनीहरूमध्ये केहीलाई सामान्य ज्वरो आएको र घरेलु औषधिहरू प्रयोग गरी निको भएको भन्ने जानकारी प्राप्त भएको छ ।

## बर्दिया जिल्ला कारागार

अनुगमनबाट यस कारागारको क्षमता एकसय २५ जना रहेकोमा तीनसय ५० जना (महिला २६, पुरुष तीनसय १४, जेष्ठ नागरिक पाँच अपाङ्गता भएका व्यक्ति एक र पाँच महिनाको बालक एकजना) कैदीबन्दी रहेको पाइएको थियो। बजेट अभावका कारण सरसफाइ, उपचार, इन्धन, काममा खटिने प्रहरीलाई भत्ताको उपलब्धता लगायतका कार्यमा कठिनाइ भएको, कानुनव्यसायीलगायत आवश्यक व्यक्तिलाई मात्र भेटघाट गर्न दिएको जानकारी प्राप्त भएको थियो। हासम्म कैदिबन्दीलाई कोरोना सङ्क्रमण नभएको र सुगर र उच्चरक्तचापका केही व्यक्तिबाहेक सबैको स्वास्थ्य अवस्था सामान्य भएको, बिरामीको उपचार गर्न एकजना अहेवको व्यवस्था गरी एको जानकारी पनि टोलीलाई प्राप्त भएको थियो । महिला कैदीबन्दीलाई राखिएको हलमा एउटामात्र शौचालय रहेकोले समस्या हुने गरेको पाइयो। पक्की कारागार भवन, कारागार भवनमा लाइब्रेरीको व्यवस्था, सीप विकाससम्बन्धी तालीमको सञ्चालन गरी फर्निचर बनाउने कार्य हुने गरेको पाइएको थियो । बाँकेमा कारागार निर्माण भइसकेपछि यहाँका कैदिबन्दी स्थानान्तरण गर्ने योजना रहेको जानकारी आयोगको टोलीलाई दिइएको थियो ।

## बर्दिया जिल्लाका कोभिड अस्पताल र आइसोलेसन

बर्दिया जिल्लामा कोभिड १९ का बिरामीहरूलाई अस्पतालमा विशेष किसिमको सुविधाहरूको व्यवस्था नभएकोले जटिल प्रकृतिका बिरामीहलाई नेपालगञ्जको भेरी अस्पताल लैजान सिफारिस गर्ने गरिएको पाइयो त्यहाँ पनि अत्याधिक चाप भएको कारण बिरामीले समयमा उपचार पाउन कठिन हुने गरेको भनाइ थियो । सामान्य लक्षण देखिएका बिरामीहरूलाई गुलरियास्थित जिल्ला अस्पतालले उपचार गर्ने गरेको पाइयो । बर्दिया

जिल्लामा कोभिड १९ को सङ्क्रमणबाट गत वर्षको तुलनामा गुणात्मक रूपमा मृत्यु दर बढेको जानकारी टोलीलाई गराइएको थियो ।

### बाँके जिल्लाका कोभिड अस्पताल र आइसोलेसन

भेरी अञ्चल अस्पतालमा कोभिड वार्डमा खटिइएका सबै स्वास्थ्यकर्मीहरू रातीको समयमा नआउँदा उपचारमा रहेका बिरामीहरूलाई समस्या हुने गरेको पाइएको छ । भेन्टिलेटरमा राख्ने बिरामीलाई लगाउने पाइपको लागि तालिम प्राप्त चिकित्सक हुनुपर्नेमा नर्सहरूबाट काम चलाउने गरिएको छ । दक्ष र अनुभवी स्वास्थ्यकर्मीहरूको नियमित उपस्थिति नहुँदा नयाँ र मातहतका स्वास्थ्यकर्मीबाट काम चलाउनुपरेको अवस्था रहेको जानकारी टोलीले प्राप्त गरेको थियो । स्थानीय निकायका आइसोलेसनहरूमा बेडहरूमात्र सजाइएको स्वास्थ्यकर्मीहरू नभएको र बिरामी आउँदा अनावश्यक दुःख पाइएको भनी अनुगमन टोलीले जानकारी प्राप्त गरेको थियो ।

कोभिड १९ को पहिलो लहरभन्दा दोस्रो लहर गम्भीर भएको स्वास्थ्यकर्मी तथा सम्बन्धित निकायका पदाधिकारीहरूको भनाइ थियो । सङ्क्रमित र मृत्युदरमा आएको वृद्धिले यो भनाइ पुष्टि हुन आएको देखिन्छ । जोखिमको अनुपातमा स्वास्थ्यकर्मीको सुरक्षामा ध्यान दिन नसकिएको अवस्था पाइयो । स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा पहुँच र आफ्नो भन्ने प्रवृतिले काम गर्ने गरेको गुनासो बिरामी, कुरुवा एवमम् सर्वसाधारणहरूको रहेको थियो ।

### दलितहरूको न्याय र समानताको अधिकार सुनिश्चित गर्न आग्रह

नेपाल सरकारले २०६३ साल जेठ २१ गते नेपाललाई जातीय भेदभाव तथा छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको १५ वर्ष पूरा भएको अवसरमा आयोगले दलितहरूको न्याय र समानताको अधिकार सुनिश्चित गर्न प्रेस-विज्ञप्तिमार्फत आग्रह गरेको छ ।

संवैधानिक अधिकारको सुनिश्चितता तथा अन्य कानुनी व्यवस्थाका बाबजुद् कानुनको प्रभावकारी कार्यन्वयन हुन नसक्दा अझै पनि जातीय विभेदका घटनाहरूमा कमी आउन सकेको देखिँदैन । कुटपिट, यातना तथा व्यक्ति हत्या, बलात्कार, सामाजिक वहिष्करण, कोठा भाडामा नदिइने, शिक्षा क्षेत्रमा विभेद, अमर्यादित भाषाको प्रयोग तथा छुवाछूतजस्ता अमानवीय घट्नाहरू दिनप्रतिदिन भइरहेका छन् । त्यस्ता अपराधमा संलग्नहरूलाई पहिचान गरी समयमै कारवाही हुन नसक्दा दण्डहीनता कायम रहेको अवस्थाप्रति आयोगले चिन्ता व्यक्त गरेको छ ।

दैनिक रूपमा समाजमा घटिरहेका जातीय विभेद तथा छुवाछूतका घटनालाई निर्मूल गर्न सरकार, राजनीतिक दल, भातृ सङ्गठन, जनप्रतिनिधिहरू, नागरिक समाज, धार्मिक एवमम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था, सञ्चारकर्मी तथा मानव अधिकारकर्मी सबैमा कानुनको पालना र कार्यान्वयनमा सहयोग पुऱ्याउन आयोगले आग्रह गरेको छ । आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक रूपमा पछाडि पारिएका दलित समुदाय वर्तमान कोभिड १९ को महामारीको उच्च जोखिममा रहेकाले उनीहरूका लागि आवश्यक राहत तथा उचित स्वास्थ्य उपचारमा पहुँचका लागि आवश्यक पहल गर्नसमेत आयोगले नेपाल सरकारलाई अनुरोध गरेको छ ।

### विश्ववातावरण दिवसको अवसरमा भर्चुअल कार्यक्रम सम्पन्न

राष्ट्रिय मनव अधिकार आयोगले ५१ औँ विश्व वातावरण दिवस (जुन, ५) को अवसरमा विभिन्न अन्तर्राष्टिय विषय विज्ञहरूको उपस्थितिमा Preservation, Protection and Improvement of the Environment : A Prerequisite for the Benefit of Present and Future Generations विषयमा भर्चुअल कार्यक्रम सम्पन्न गरेको छ । आयोगले त्रिभुवन विश्वविद्यालयको कानुन सङ्काय तथा वातावरणीय कानुन समिति, सर्वोच्च अदालत बार एसोसिएशन र प्रोपब्लिक नेपालको सहकार्यमा सम्पन्न उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय वातावरण विज्ञहरूबाट प्रस्तुतीकरण भएको

थियो । कार्यक्रममा वातावरणीय प्रदूषणका कारण विश्वका मानव मात्र नभई जीवजन्तु र वनस्पति समेत प्रभावित बनेको कुरा औँल्याइएको थियो । वातावरणको विषय सीमाविहीन हुने हुँदा यो समस्याको समाधानमा सबै देशको भूमिका महत्त्वपूर्ण हुन्छ। वर्तमान अवस्थामा वातावरणको अधिकारका अभियन्ताहरूको अधिकारसमेत जोखिममा परेको देखिएको छ । यो विषयमा पनि र ाष्ट्रिय मानव अधिकार संस्थाहरूको चासो हुनुपर्ने धारणा विज्ञहरूको रहेको थियो। यसको साथै, स्वच्छ वातावरणीय अधिकारको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई गरेको सिफारिसको कार्यान्वयन हुनुपर्नेमा वक्ताहरूको जोड थियो ।

कार्यक्रमबाट प्राप्त सुझावसमेतको आधारमा आयोगले स्वच्छ वातावरणको अधिकार सुनिश्चितको सन्दर्भमा विगतमा गरेका सिफारिसहरूको कार्यान्वयन गर्न प्रेस-विज्ञप्तिमार्फत सरकारलाई भनेको छ । आफ्ना उद्योग, व्यवसाय सञ्चालन गर्दा वातावरणमा पर्ने असरबारे सचेतता अपनाउनका लागि सम्पूर्ण व्यावसायिक समुदाय र निजी क्षेत्रलाई समेत आयोगले आग्रह गरेको छ ।

## मदिरा सेवन गराइ राउटे समुदायका युवतीलाई यौनदुर्व्यवहार गरेको भनिएको घटनाको आयोगद्वारा अनुगमन

सुर्खेतको गुर्भाकोट नगरपालिका-९ का युवाहरूले स्थानीय राउटे समुदायका युवतीहरूलाई प्रलोभनमा पारी मदिरा सेवन गराई यौन दुर्व्यवहार गरेको भनी आयोगलाई विभिन्न माध्यमबाट जानकारी प्राप्त भएको थियो । उक्त घटना सम्बन्धमा आयोगको कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाले अनुगमन गरेको छ ।

स्थानीय तीनजना युवाहरूले राउटे समुदायका दुई जना युवतीलाई प्रलोभनमा पारी स्थानीय होटलमा लगेर यौनजन्य कार्य गर्न बाध्य बनाएको, उक्त घटनाका कारण निज युवतीहरूलाई राउटे समुदायले अस्वीकार गर्ने सम्भावना देखिएको र उनीहरूको ज्यान नै जोखिममा पर्न सक्ने अनुगमनबाट पाइएको छ । प्रलोभनमा पारी यौनहिंसामा लगाइएका दुई युवतीहरूलाई यसअघि पनि राउटे मुखियाले चार महिना नजरबन्दजस्तै गरी बन्दी बनाइएको जानकारी आयोगलाई प्राप्त भएको छ । उक्त घटनाका पीडित युवतीहरूको गोपनीयताको संरक्षण गर्दै तत्काल स्वास्थ्य परीक्षण गर्न, उनीहरूको भौतिक सुरक्षा गरी जीवनको अधिकार संरक्षणमा तत्काल आवश्यक पहल गर्न र प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन आयोगले विज्ञप्तिमार्फत नेपाल सरकारलाई ध्यानाकर्षणसमेत गराएको थियो ।

## कोभिड १९ विरुद्धको खोपमा लक्षित वर्गको पहुँच सुनिश्चित गर्न नेपाल सरकारलाई आयोगको आग्रह

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को महामारी नेपालको समुदायस्तरमा समेत फैलिँदै जाँदा स्वास्थ्य परीक्षणको दायरामा कमी आएको एवमम् नागरिकको स्वास्थ्य जोखिममा पर्न गएको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले गतवर्षदेखि नै कोभिड १९ तथा यसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले गर्दै आएको प्रयासका सन्दर्भमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरी नेपाल सरकार लाई सिफारिस गर्दै आइरहेको छ ।

आयोगले गरेको पछिल्लो अनुगमनबाट काठमाडौं उपत्यका लगायतका केही सहरमा कोरोना सङ्क्रमितहरूको सङ्ख्यामा कमी आएजस्तो देखिए पनि रुकुम, रोल्पा, धनगढीलगायतका ठाउँमा अवस्था गम्भीर छ । बिर ामीको सङ्ख्यामा कमी नआएको, गाउँमा परीक्षणको दायरा नबढाइएकोले सङ्क्रमण बढेको, समाजमा कोरोना सङ्क्रमितलाई हेर्ने र गर्ने व्यवहार अझै नकरात्मक रहेकोले छ। लक्षण देखिएका बिरामीहरूले समेत परीक्षण गर्न नमान्दा समुदायस्तरमा कोरोना सङ्क्रमण फैलिएको पाइएको छ । अक्सिमिटर र रेम्डिसीभरजस्ता स्वास्थ्य सामग्रीहरू चर्को मूल्यमा बिक्री भैरहेको तथ्यहरू प्राप्त भएको अवस्था छ ।



त्यसैगरी, हाल नेपाल सरकारले प्रदान गर्दै आएको कोभिड १९ विरुद्धको खोप लगाउने क्रममा खोप केन्द्रहरूको व्यवस्थापन हुन नसक्दा सङ्क्रमण झनै फैलिने सम्भावना देखिएको छ । ज्येष्ठ नागरिकहरू खोप लगाउन लामो समय लाइनमा बस्नुपरेको, कतिपय केन्द्रमा दिनभर लाइनमा बस्दासमेत खोप लगाउन नपाएको पाइएको छ । कतिपय स्थानमा विवाद भई खोप लगाउने काम अवरुद्ध भएको र लक्षित वर्गभन्दा अन्यले पहुँचका आधारमा खोप लगाएको अवस्था छ । कोभिसिल्ड खोपको पहिलो डोज प्राप्त गरेकाहरूका लागि दोस्रो डोज खोपको सुनिश्चितता हुन नसकेको भनी आयोगमा उजुरी र गुनासोहरूसमेत प्राप्त भएका छन् । यसै सन्दर्भमा आयोगले कोभिड १९ विरुद्धको खोपको व्यवस्थापनका लागि ध्यानाकर्षण गराउँदै नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचारसमेत गरेको छ ।

## कोभिड १९ को अवस्थामा अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति तथा आप्रवासी नेपाली श्रमिकहरूको स्वास्थ्य उपचारमा पहुँच सुनिश्चित गर्न आग्रह

कोभिड १९ महामारीको दोस्रो लहर सुरु भएपश्चात् अपाङ्गता भएका व्यक्ति आदिवासी जनजाति तथा आप्रवासी नेपाली श्रमिकहरू लगायतको मानव अधिकार उपभोगको अवस्था सम्बन्धमा आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश कार्यालयहरूबाट नियमित अनुगमन भएको छ। अनुगमनको क्रममा आयोगले सम्बन्धित संस्थाहरूका कामकारबाहीसम्बन्धी अनुगमन प्रतिवेदनको अध्ययन, विश्लेषण गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको उपभोगको अवस्था सम्बन्धमा भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रमसमेत सम्पन्न गरेको छ। कायक्रममा अपाङ्गता क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्था, विकासका साझेदार संस्थाहरू, अनुसन्धानकर्ताहरू, सङ्घ, प्रदेश तथा जिल्ला स्तरमा अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्था, नेपाल सरकारको मन्त्रालय विभाग तथा अन्य सरोकारवाला निकायहरूसमेतको उपस्थिति रहेको थियो। आयोगले विभिन्न माध्यमबाट गरेको अनुगमन, अध्ययन सरोकारवालाहरूसँगको अन्तरक्रिया, छलफललगायतका कार्यक्रमबाट प्राप्त तथ्य, सुझावहरू प्राप्त गरेको छ। यसै आधारमा आयोगको मिति २०७८/२/२८ गते बसेको बैठकले कोभिड १९ महामारीको अवस्थामा अपाङ्गता भएका व्यक्ति आदिवासी जनजाति तथा आप्रवासी नेपाली श्रमिकहरूका समस्या समाधानका लागि नेपाल सरकारलाई तपसिलबमोजिमको सिफारिस गर्ने निर्णय गरेको छ।

### तपसिल

**अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा:**

- कोभिड १९ महामारीको समयमा अपाङ्गता भएका व्यक्तिहरूप्रति लैङ्गिक विभेद बढ्दै गएको, जिविकोपार्जनमा कठिनाइ, रोजगारी गुमेको, मनोसामाजिक समस्या, कोभिड प्रतिकार्यका लागि सूचनामा पहुँचको अभाव देखिएको एवमम् सहायक सामग्री (हेरिङ एड, सेतो छडी, नियमित रूपमा लिनुपर्ने औषधि, सरसफाइ) को अभाव देखिएकोले तत्काल सो को व्यवस्था मिलाउन ।
- दोहोरी साँझ, मसाज सेन्टरमा काम गर्ने एवमम् रोजगारविहीन अपाङ्गता भएका व्यक्तिहरूलाई वर्तमान सङ्कटको अवस्थामा प्राथमिकता दिई तत्काल राहत

उपलब्ध गराउन ।

- केन्द्रदेखि जिल्ला अस्पताल, स्थानीय स्वास्थ्यचौकीमा अपाङ्गमैत्री उपचार कक्ष बिस्तार गर्न एवमम् प्राथमिकताका साथ उपचारको व्यवस्था गर्न ।
- जिल्लास्थित लैङ्गिक हिंसा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउन एवमम् सबैको पहुँचमा पुऱ्याउन ।
- कोभिड १९ को कारण धेरै नागरिकहरूमा मनोसामाजिक असर देखिएको भन्ने कार्यक्रममाा सहभागीको भनाई, विभिन्न पत्रपत्रिकाहरूमा र आयोगको अनुगमनको क्रममा समेत पाइएकोले प्रत्येक स्वास्थ्य संस्थामा मनोसामाजिक परामर्शको व्यवस्था गर्न/गराउन ।
- अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत सरसफाइको लागि आवश्यक पर्ने स्वास्थ्यसम्वन्धी सामग्रीहरू (सेनिटरी प्याड, क्याथेटर, नियमित खानुपर्ने औषधि लगायत) उपलब्ध गराउन ।
- अपाङ्गता भएका व्यक्तिहरूको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने भएकोले कोभिड १९ विरुद्धको खोपको प्राथमिकताका साथ आवश्यक व्यवस्था मिलाउन ।
- मानव अधिकारमा आधारित खण्डिकृत तथ्याङ्कको अभाव भएकोले स्थानीय तहहरूले अपाङ्गता भएका व्यक्तिहरूको खण्डिकृत तथ्याङ्क संकलन गरी सार्वजनिक गर्न/गराउन ।

**आदिवासी जनजाति, सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मद्रख समुदाय सम्बन्धमा:**

- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मूख समुदाय, गरिब, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, ज्येष्ठ नागरिक, बालबालिका, ग्रामिण क्षेत्रमा बसोबास गर्ने जनजातिहरूको यथाशीघ्र नि:शुल्क पिसिआर परीक्षण गर्न/गराउन ।
- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मूख समुदाय, गरिब, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, ज्येष्ठ नागरिक, बालबालिका, ग्रामिण क्षेत्रमा बसोबास गर्ने जनजातिहरूको कोभिडविरुद्धको खोपमा सहज पहुँच पुऱ्याउन ।
- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मूख समुदाय, गरिब, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, ज्येष्ठ नागरिक, बालबालिका, ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनजातिहरूको अस्पताल र स्वास्थ्य सामग्रीमा पहुँच पुऱ्याउन ।
- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मूख समुदाय, गरिब, विपन्न, अपाङ्गता भएका व्यक्तिहरूलाई अबिलम्ब राहत प्याकेजको घोषणा गरी वितरण गर्न/गराउन ।
- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मुख र आर्थिक विपन्नता भएका आदिवासी जनजातिहहरूको कोभिड १९ को उपचार र स्वास्थ्य बिमा राज्यबाट नि:शुल्क गर्न ।
- आदिवासी जनजातिहरूको सघन वस्ती भएका क्षेत्रमा रहेका अस्पताल, स्वास्थ्यचौकीहरूमा मातृभाषाको माध्यमबाट सूचना आदानप्रदानमा सहजीकरणको लागि दोभाषेको व्यवस्था गर्न/गराउन ।
- सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र सहजीकरणमा जोड दिई आदिवासी जनजातिहरूले बुझ्ने भाषामा जनचेतना मूलक कार्यको प्रचारप्रसार तथा सचेतनाका कार्यक्रम सञ्चालन गर्न/गराउन ।
- मानव अधिकारमा आधारित खण्डिकृत तथ्याङ्कको अभाव भएकोले आदिवासी जनजातिहरूको कार्यक्रम बजेटमा समेत न्यून देखिने हुँदा खण्डिकृत तथ्याङ्क संकलन गरी तत्काल सार्वजनिक गर्न/गराउन ।
- आदिवासी जनजातिको अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थालाई कोभिड १९ को रोकथाम तथा उपचारका लागि गरिने प्रक्रिया र क्रियाकलापमा सहभागी गराउने व्यवस्था गर्न ।

- कोभिडजस्ता महामारीबाट बच्नको लागि आदिवासी जनजातिसँग भएका परम्परागत ज्ञान, सीपलाई प्रवर्धन तथा प्रोत्साहन गर्ने व्यवस्था गर्न/गराउन ।
- कोभिड १९ को समयमा समेत विकास परियोजनाहरू सञ्चालन भइरहेको सन्दर्भमा परियोजनाहरू सञ्चालन गर्दा आदीवासी जनजाति तथा स्थानीय समुदायसँगको परामर्श र छलफल गरी अगाडि बढाउने व्यवस्था गर्न ।

**आप्रवासी नेपाली श्रमिकहरूको सम्बन्धमा:**

- हवाई खर्च र होटल क्वारेण्टिनको व्यवस्थापन आफै गर्न नसक्ने, रोजगारदाताले कामबाट निष्काशन गरेका, भिसा तथा करार अवधि समाप्त भएर नेपाल फर्कनुपर्ने अवस्थामा रहेका, आवास र भोजनको व्यवस्था नभएका तथा अन्य विभिन्न कारणले समस्या तथा अलपत्र अवस्थामा रहेका नेपाली श्रमिकहरूलाई लैंगिक संवेदनशीलतालाई ध्यानमा राखी सरकारको लगानीमा नेपाल फर्काउन अबिल(म्ब व्यवस्था गर्न ।
- कोभिड संक्रमण महामारीको दोस्रो लहरका कारण हवाई उडान तथा श्रमिक आपूर्तिमा बन्देज नलगाइएका श्रम गन्तव्य मुलुकहरूमा अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान तयारी अवस्थामा बसेका नेपाली श्रमिकहरूलाई हवाई उडान व्यवस्थापन गरी पठाउने व्यवस्था गर्न ।
- भारत आवतजावत गर्ने नेपाली श्रमिकहरूको हकमा स्थानीय तह र सीमा सुरक्षा व्यवस्थापनको समन्वयमा व्यवस्थित अभिलेख राख्न एवमम् खोपको उचित व्यवस्थापन गर्न ।
- प्रभावकारी द्विपक्षीय कुटनीतिक संवादबाट भारत र अन्य गन्तव्य मुलुकहरूमा रहेका नेपाली श्रमिकह(रूको अधिकार संरक्षणको लागि प्रभावकारी पहल गर्न ।

## कोभिड १९ महामारीमा उपभोक्ता मानव अधिकारको अवस्था र सरोकारवालाहरूका भूमिका विषय भर्चुअल अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले २०७८ जेठ ६ गते कोभिड १९ महामारीमा उपभोक्ता मानव अधिकार को अवस्था र सरोकारवालाहरूको भूमिका बिषयमा भर्चुअल कार्यक्रमको आयोजना गरेको थियो । कोभिड १९ महामारीको दोस्रो लहरको जोखिम बढ्दै जाँदा मानव अधिकारको उपभोगमा समेत जटिलताहरू थपिएका छन् । कोभिड १९ का बिरामीहरूको प्रभावकारी उपचार र औषधीको सवाल सबैको चासोको बिषय रहयो । महामारीको अवस्थामा स्वास्थ्य अधिकारसँगै विभिन्न जिल्लाका स्थानीय प्रशासनहरूले घोषणा गरेको निषेधाज्ञा पश्चात दैनिक उपभोग्य बस्तुहरूको आपूर्ति, गुणस्तर, अत्यधिक मूल्यवृद्धि, कृत्रिम अभाव तथा कालोबजारीका समस्याहरू पनि देखिन थालेका छन् । यसै सन्दर्भमा देशको उपभोक्ता मानव अधिकारको अवस्थाका सम्बन(धमा विभिन्न जिल्लाका उपभोक्ता अधिकारकर्मी, नागरिक समाज, पत्रकार तथा अन्य सरोकालावाहरू सँग छलफल गरी जानकारी लिने र उपभोक्ता मानव अधिकारको सुधारका लागि पहल गर्ने उद्देश्यले भर्चुअल माध्यमबाट अन्तरकिया कार्यक्रमको आयोजना गरिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तप बहादुर मगरको अध्यक्षतामा भएको कार्यक्रमह(रूमा आयोगका माननीय सदस्य लगायत उपभोक्ता अ(धिकारकर्मीहरूले आफ्ना भनाईहरू राख्नु भएको थियो । कार्यक्रममा नेपाल सरकारको स्वास्थ्य सेवा विभाग प्रमुख, खाद्य प्रविधि तथा गुणनियन्त्रण विभाग प्रमुख, उपभोक्ता अधिकारकर्मी, कानुन व्यवसायी, नागरिक समाज, पत्रकार, व्यवसायी तथा आयोगका विभिन्न कार्यालयका कर्मचारीहरू गरी कार्यक्रममा ९५ जनाको सहभागिता रहेको थियो ।

## आयोगको २१ औं वार्षिक उत्सव तथा २२ औं स्थापना दिवसको अवसरमा भर्चुअल कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोगको २१ औं वार्षिक उत्सव तथा २२ औं स्थापना दिवस २०७८ जेठ १३ गते नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा विशेष कार्यक्रम गरी मनाइएको छ। कोरोना महामारीको जोखिम बढीरहेकोले उक्त कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न गरिएको थियो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल सरकार मानव अधिकारको संरक्षणका लागि प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले आयोगको कार्यालय सञ्चालनको लागि नयाँ भवनको आवश्यकता रहेको बताउँदै त्यसको लागि नेपाल सरकारले समेत चासोका साथ लिएको बताउनुभयो ।

आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल सरकारका माननीय मन्त्रीहरू, पूर्वसांसदहरू, राष्ट्रिय मानव अधिकारका आयोगका पूर्वअध्यक्षहरू, नेपाल सरकारका महान्यायाधीवक्ता, संवैधानिक आयोगका अध्यक्ष र सदस्यहरूको सहभागिता रहेको थियो । कार्यक्रममा न्यायधीश तथा पूर्व न्यायधीशहरू, अन्य संवैधानिक आयोगका सदस्यहरू, सुरक्षा अङ्गका प्रमुख तथा प्रतिनिधि, नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरूको सहभागिता थियो । त्यसैगरी विभिन्न मित्र राष्ट्रका नेपालस्थित कुटनीतिक नियोगका प्रतिनिधिहरू, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष, नेपाल बार एसोसिएशनका उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घका महासचिव पनि उपस्थित रहनुभएको थियो । विभिन्न मानव अधिकार संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधि, आदिवासी जनजाति महासङ्घ, राष्ट्रिय अपाङ्ग महासङ्घ, दलित गैरसरकारी संस्था महासङ्घका अध्यक्ष तथा प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो । उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील अधिकारकर्मी, शिक्षक, प्राध्यापक, कानुनव्यसायी, सञ्चारकर्मी तीनसय २० जनाको सहभागिता रहेको थियो ।

नेपालमा मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि स्वायत्त तथा स्वतन्त्र निकायको रूपमा २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो । आयोगले स्थापनाकालदेखि नै आफ्नो स्थापना दिवस मनाउँदै आएको छ ।

## भेरी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीमाथि गरिएको हातपात तथा कुटपिटको घटनाको अनुगमन




भेरी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीमाथी गरिएको हातपात तथा कुटपिट घटनाको सम्बन्धमा लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जले अनुगमन गरको छ। आयोगको नेपालगञ्ज  कार्यालयका प्रमुख झंकरबहादुर रावल, मानव अधिकार अधिकृत द्वारिकाकुमारी अधिकारी र सूचना तथा अभिलेख सहायक सुलोचन चौधरी सम्मितिल टोलीले मिति २०७८ जेठ १३ गते  घटनाको स्थलगत अनुगमन गरेको गरेको थियो । अनुगमनको क्रममा टोलीलाई दाङ जिल्लाका डिल्लीबहादुर रावतको स्वास्थ्य अवस्था गम्भीर भई केही दिनदेखि सघन कक्षमा उपचार गराइरहेकोमा अवस्था थप जटिल भएपछि स्वास्थ्यकर्मीले भेन्टिलेटरमा राखेर उपचार गर्न खोज्दा बिरामीका आफन्त र स्वास्थ्यकर्मीबीच विवाद भएको पाइएको छ। केहीबेरको वादविवादपश्चात् बिरामीलाई भेन्टिलेटरमा राखिएको मिति २०७८ जेठ १३ गते बेलुका उपचारको क्रममा निजको मृत्यु भएको थियो। स्वास्थ्यकर्मीको लापर

बाहीले बिरामीको मृत्यु भएको भनी बिरामीका आफन्तले स्वास्थ्यकर्मीहरूमाथि कुटपिट गर्नुका साथै अस्पतालमा तोडफोड समेत गरेको आयोगको अनुगमनबाट पाइयो ।



संस्कारगत कार्यहरू नभएको आयोगको अनुगमनबाट पाइयो । कोभिड १९ का बिरामीहरूको सङ्ख्या अत्याधिक रूपमा वृद्धि भइरहेको अवस्थामा भेरी अस्पतालको कोभिड वार्डमा स्वास्थ्यकर्मीहरूको सङ्ख्या अत्यन्त न्यून रहेको, तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको अभाव रहेकोले व्यवस्थापनमा समस्या देखिएको आयोगको अनुगमनबाट पाइएको छ । अनुगमनको क्रममा प्राप्त तथ्यहरूको आधारमा टोलीले यस प्रकारका घटनाको न्यूनीकरणको गर्न, आफन्तलाई मनोसामाजिक विमर्श र जनचेतना जगाउनुपर्ने, भेन्टिलेटर तथा आइसियुजस्तो संवेदनशील स्थानमा विशेषज्ञसहितको आवश्यक जनशक्ति तथा अक्सिजन र औषधिको पर्याप्त आपूर्तिको प्रबन्ध गर्नुपर्ने टोलीको सुझाव रहेको छ । अस्पतालजस्तो संवेदनशील क्षेत्रमा यसप्रकारका घटना दोहोरिन नदिन सम्बन्धित निकायबाट नियमित रूपमा अनुगमन तथा नियमनको आवश्यकता रहेको टोलीको सुझाव रहेको छ ।

## बाँके र बर्दिया जिल्लाका विपद् जोखिम क्षेत्रहरूमा अविरल वर्षाको प्रभाव र पूर्वतयारीको अवस्था अनुगमन



राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश शाखा कार्यालयले नेपालगञ्जस्थित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र एड्भोकेसी फोरमसँगको सहकार्यमा बाँके र बर्दिया जिल्लाका विपद् जोखिम क्षेत्रहरूको अनुगमन गरेको छ । मिति २०७८ असार ३ देखि ७ गतेसम्म आयोगको नेपालगञ्ज कार्यालयका प्रमुख झंकरबहादुर रावल र मानव अधिकार अधिकृत दयाराम पाठक सम्मिलित टोलीले अविरल वर्षाका कारण जोखिमयुक्त क्षेत्रहरूको स्थलगत अनुगमन गरेको थियो । यसको साथै सम्भावित जोखिमहरूलाई न्यूनीकरण गर्नका लागि सम्बन्धित सरोकारवाला निकायहरू, जस्तै–पालिका, प्रहरी कार्यालय, प्रशासन कार्यालय तथा वडास्तरमा छलफल तथा अन्तरक्रिया सम्पन्न गरिएको थियो ।

छलफलको क्रममा विपद् जोखिम न्यूनीकरणका लागि सरोकारवाला निकायबाट जिम्मेवारीपूर्वक कार्य हुनुपर्ने

जोड दिइएको थियो । यसको साथै अनुगमनको क्रममा बाँके र बर्दिया जिल्लामा हुन सक्ने आपतकालीन अवस्थालाई मध्यनजर गरी अत्यावश्यक सामग्रीहरूको भण्डारण गरी राखिएको, विपद् व्यवस्थापन समिति गठन, यसको लागि प्रभावित क्षेत्रमा पूर्वतयारी र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको पाइएको छ ।



## बाढी, पहिरो तथा कोभिड १९ सङ्क्रमणबाट जनजीवनमा परेको असरबारे आयोगको अनुगमन

अबिरल वर्षाका कारण गत असार १ गते सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची क्षेत्रमा आएको बाढीपहिरोका कारण जनजीवनमा पारेको असर बारे राष्ट्रिय मानव अधिकार आयोग, वाग्मत प्रदेश कार्यालयका प्रमुख यज्ञप्रसाद अधिकारी नेतृत्वको टोलीले स्थलगत अनुगमन गरेको छ । आयोगले यस सम्बन्धमा विपद् जोखिम रोकथामको पूर्वतयारी अपनाउन, पीडितहरूको तत्काल उद्धार, राहत, स्वास्थ्योपचार तथा बसोबासको व्यवस्था गर्न नेपाल सरकारलाई विज्ञप्तिमार्फत आग्रहसमेत गरेको छ ।

आयोगको अनुगमन टोलीले कोभिड १९ को महामारीमा मानव अधिकार अवस्थाबारे काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न स्थानीय निकाय, आइसोलेसन केन्द्रहरूको अनुगमन गर्नुका साथै सरोकारवालासँग छलफल गरेको छ । सो क्रममा टोलीले बाढी प्रभावित तथा कोभिड १९ महामारीको अवस्था सम्बन्धमा वाग्मत प्रदेशका सामाजिक विकास मन्त्री माननीय सरस्वती बस्नेत, प्रदेश अस्पताल हेटौंडाका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. रामचन्द्र सापकोटा लगायतसँग प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन कार्यालयमा छलफल गरिएको छ । त्यसैगरी, राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापा नेतृत्वको उच्चस्तरीय टोलीले काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न स्थानमा कोभिड १९ महामारीले पारेको प्रभावबारे स्थलगत अनुगमन गरेको छ ।



अनुगमनका क्रममा धुलिखेल अस्पतालका चिकित्सक तथा नर्सहरू, कोभिड वार्डमा खटिएका स्वास्थ्यकर्मीहरू, कोभिड सङ्क्रमितको शव व्यवस्थापनमा खटिएका कर्मचारी तथा अस्पताल व्यवस्थापन पक्षसँग सङ्क्रमितको उपचार व्यवस्था लगायतका विषयमा छलफल गरिएको थियो । सो क्रममा काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी शिव पोखरेल र नमोबुद्ध नगरपालिकाका उपमेयर, वडाध्यक्षहरू एवमम् प्रशासकीय अधिकृतसँग कोभिड १९ तथा निषेधाज्ञाबाट जनजीवनमा परेको असरबारे टोलीले छलफल गरेको छ । टोलीमा आयोगका सहसचिवद्वय डा. टीकाराम पोखरेल र नवराज सापकोटा तथा उपसचिव मञ्जु खतिवडा सम्मिलित रहनुभएको थियो ।

## कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाबाट अनुगमन



आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाबाट खटिएको विशेषज्ञ चिकित्सकसहितको टोलीले जुम्लाको गुठीचौर गाउँपालिकामा अनुगमन गरेको छ। सो क्रममा टोलीले कोभिड विशेष अस्पताल, आइसोलेसन केन्द्र, हेल्थ डेस्क, एण्टीजेन परीक्षण आदिको बारेमा जानकारी लिएको थियो ।

अनुगमन कोभिड १९ महामारीको जोखिम न्यूनीकरणको पूर्वतयारी, स्वास्थ्य परीक्षण, रोकथाम तथा नियन्त्रण सम्बन्धमा गरेका प्रयासहरूको सम्बन्धमा केन्द्रित रहेको थियो ।

## मानव अधिकार सम्बन्धी भर्चूअल तालिम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग वाग्मत प्रदेश कार्यालयले युथ एडभोकेसी फोरमसँग को समन्वयमा जुम प्रविधिवाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा आधारित रहेर दुई दिवसीय तालिम मिति २०७८ असार ५ र ६ गते सम्पन्न गरेको छ । कार्यक्रममा नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना, उपभोक्ताको अधिकार, व्यवसाय र मानव अधिकार, वातावरणीय अधिकार लगायतको विषयमा प्रशिक्षण दिइएको थियो । जुम प्रविधिवाट सञ्चालित कार्यक्रममा मानव अधिकारकर्मी, पत्रकार, नागरिक समाजका प्रतिनीधि, विद्यार्थी लगायत १५० जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो ।

तालिम कार्यक्रमको अध्यक्षता आयोगको वाग्मत प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव यज्ञ प्रसाद अधिकारीले गर्नं भएको थियो भने कार्यक्रममा सहजीकरण युथ एड्भोकेसी फोरमका अध्यक्ष नरेन खतिवडाले गर्नं भएको थियो। कार्यक्रममा स्रोतव्यक्तिको रुपमा आयोगका सहसचिव यज्ञ प्रसाद अधिकारी, मानव अधिकार अधिकृत जायश्वर चापागाई, अधिवक्ता विष्णु प्रसाद पोखरेल, वातवरणविद डा. भोला भट्टराई र अधिकारकर्मी कर्णबहादुर नेपाली रहनु भएको थियो । कोरोना संक्रमणको महामारीको वर्तमान कठिन परिस्थितिमा भर्चंअल माध्यमबाट तालीम सञ्चालन गर्दा दुर-दराजमा रहेका मानव अधिकारकर्मीको सक्रिय सहभागिता अत्यन्त सकरात्मक पक्ष रह्यो । मानव अधिकारका विषय सिमान्तकृत वर्ग समुदाय (महिला, दलित, अपाङ्गता, आदीवासी-जनजाति आदि) मा रहेता पनि युवा लक्षित कार्यक्रम सञ्चालन हुनुलाई सहभागिहरूले अत्यन्त सकरात्मक रुपमा लिएका थिए । तालिम कार्यक्रम समावेश विषयहरू विकास र मानव अधिकार , वातावरण र मानव अधिकार, नेपाल सर कारको मानव अधिकार राष्ट्रिय कार्ययोजना, आर्थिक सामाजिक र सांस्कृतिक अधिकार जस्ता विषयबाट सहभागीहरू लाभान्वित भएको पाइयो ।

युवाहरूको आधारभुत मानव अधिकार, रोजगारी, व्यवसायमा पँहुच, स्वरोजगारका विषयलाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आफनो नीति, योजना र कार्यक्रममा समावेश गर्न सकेमा नै दिगो विकास लक्ष्य पुरा हुन जाने देखिन्छ ।

## सिमान्तकृत चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धमा खोजमूलक अध्ययन

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरि ३ तहको सरकारको व्यवस्था गरेको सर्न्दभमा संविधानको धारा ५६. राज्यको संरचना : नेपालको मूल संरचना सङ्घ प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन् साथै संविधानको अनुसुची ६, ७, ८, ९ मा साझा तथा एकल अधिकार क्षेत्रहरूको बाडफाड गरेको छ । नेपालको संविधानको धारा २४९ र र ाष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को व्यवस्था अनुरूप मानव अधिकारको सम्मान संरक्षण र त्यसको प्रभावकारी कार्यान्वन सुनिश्चित गर्नु आयोगको कर्तव्य

रहेको छ । आयोगको संवैधानिक र कानूनी कार्यदेश पुरा गर्न आयोगले  रणनीतिक योजना (२०१५-२०२० ) जारी गरेको छ । आयोगको रणनीतिक उद्देश्य नं २ ले  मानव अधिकरको प्रर्वधनको सुदृढीकरणको लक्ष्य गरेको छ भने रणनीतिक उद्देश्य नं. ३ मा विपन्न, समान्तकृत एवमं पिछडिएका वर्गका मानव अधिकार उपभोगको वातावरण निर्माण गर्ने उल्लेख गरिएको सन्दर्भमा उपरोक्त उद्देश्य पुरा गर्नका लागि आयोगको वाग्मत प्रदेश कार्यालय, सानेपाले मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिकामा आदिवासी जनजाति विशेषगरी लोपोन्मुख चेपाङ जातिको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उत्थान क्षेत्रमा क्रियाशिल संस्था राष्ट्रिय जनवकालत मञ्च नेपालको सहकार्यमा वाग्मत प्रदेश कार्यालयले अनुगमन तथा खोजमूलक अनुसन्धान गरेको छ ।

मकवानपुर जिल्लाको पश्चिम सिमानामा अवस्थित र ाक्सिराङ गाउँपालिका आदिवासी-जनजाति समुदायको बाहुल्यता रहेको गाउँपालिका हो । चेपाङ र तामाङ सहित अन्य जातिको बसोबास रहेको यस पालिका भौगोलिक रूपमा अत्यन्त विकट छ भने यस क्षेत्रमा बसोबास गर्ने अधिकांश आदिवासी समुदायको आर्थिक तथा सामाजिक अवस्था कमजोर देखिन्छ ।

नेपालको संविधानले सबै नागरिकहरूको लागि सम्मानपूर्वक बाँच्ने लगायतका स्वतन्त्रता, समानता, संचार, न्याय, शिक्षा, स्वास्थ्य, स्वच्छ वातावरण, भाषा, सस्कृति, रोजगारी, श्रम, खाद्य सुरक्षा, सामाजिक सुर क्षा लगायत सामाजिक न्यायको हकको सुनिश्चितता गरेको छ। संविधानको धारा १६ देखि ४८ सम्म नागरि कका मौलिक हक र नागरिकका कर्तव्य उल्लेख छन्। संविधानतः व्यवस्था भएका त्यस्ता व्यवस्थाहरूबाट र ाक्सिराङ क्षेत्रमा बसोबास गर्ने गरिब किसान, महिला तथा आदिवासी जनजातिले ती अधिकारहरू प्राप्त गर्न सकेका छन् वा छैनन ? यस सवालमा स्थानीय समुदाय एवमं स्थानीय गाउँपालिकासँग छलफल अन्तरक्रिया गरी प्राप्त प्रतिक्रियाका आधारमा उक्त क्षेत्रमा विभिन्न समस्याहरू रहेको देखिन्छ ।

समग्रमा हेर्दा मानवअधिकारको आधारभूत अधिकारसमे तबाट वञ्चित सिमान्तीकृत चेपाङ समुदायको लागि संविधानले प्रदत्त गरेको अधिकार प्राप्त गर्ने काममा थुप्रै लगानी र पैरवी आवश्यकता देखिन्छ । यद्यपि स्थानीय सरकारले संविधान कार्यान्वयनमा केही सकार ात्मक कामको थालनी गरेको देखिन्छ । राक्सिराङ्ग गाउँपालिकाले नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाबमोजिम अनुगमन संयन्त्र गठन गरेको, चेपाङ समुदायको हक अधिकारको लागि बजेट लगानी गरेको देखिन्छ । तथापी, सिमान्तकृत समुदायको हक अधिकार प्रत्याभूतीका लागि केही ठोस कदम चाल्न निम्नानुसार सुझाव रहेको छ ।

- प्रदेश सरकार, स्थानीय सरकार र सरोकारवाला निकायलाई लोपोन्मुख चेपाङ जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षणका लागि तथा मानव अधिकारमैत्री नीति तथा कार्यक्रम तर्जमाामा जागरुक बनाउने,
- सिमान्तकृत समुदायमा पनि सबैभन्दा पछाडी परेको लोपोन्मुख चेपाङ समुदायका आवास, खाद्यान्ह, शिक्षा, संस्कृति, आर्थिक अधिकार लगायतका विषयमा प्रदेश सरकारले आफ्नो नीतिगत तहबाटै विशेष कार्यक्रमसहित बजेट विनियोजन हुनुपर्ने,
- राक्सीराङ्ग गाउँपालिकाको चैनपुरमा चेपाङहरूकोलागि जिल्ला पञ्चायतको नाममा खरिद भएको जग्गामा अस्थायी प्रहरी चौकी, गाउँपालिका भवन, विद्यालय, स्वास्थ्य चौकि लगाएतका संरचनासमेतको कार्यालयहरू सञ्चालनमा रहेको पाइयो। उक्त जग्गा बराबरको उपयुक्त स्थानमा विकल्पको रुपमा जग्गा उपलब्ध गराई चेपाङ समुदायको सांस्कृतिक अधिकारको

प्रत्याभूति हुनुपर्ने,

- गाउँपालिका स्तरमा चेपाङ समुदायको लागि कुनै पनि नीति, योजना, बजेट कार्यक्रम तर्जमा गर्दा उनीहरूको अर्थपूर्ण र सार्थक सहभागिता सुनिश्चित हुनुपर्ने ।
- नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा ५ अनुसार राक्सिराङ गाँउपालिकालाई कानूनी र संरचनागत व्यवस्था गरी विशेष, संरक्षित वा स्वायत्त क्षेत्रमध्ये कुनै एक घोषणा हुनुपने ,
- वाग्मत प्रदेश अर्न्तगत मकवानपुर, चितवन, धादिङ्ग र लगायतका जिल्लामा रहेका लोपोन्मुख चेपाङ जातिको शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच बढाउन सरोकारवाला निकायबीच सचेतना बढाउनु पर्ने,
- लोपोन्मुख चेपाङ जातिको हकहित र संरक्षणको विषयलाई प्रदेश तथा स्थानीय सरकारको आगामी आ.व. २०७८।७९ को वार्षिक कार्ययोजनमा प्राथमिकताको सूचीमा राख्ने विषयमा प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय हुनु पर्ने,
- आयोग, प्रदेश सरकार र जनवकालत मञ्च नेपालबीचको समन्वय र सम्बन्धमा बिस्तार गर्दै सिमान्तीकृत नागरिकको हकहितमा थप कार्य गर्दै मानव अधिकारको संरक्षण र संवर्धनमा निरन्तर कार्य भई राख्नुपर्ने,
- नेपाल सरकारको पांचौं पञ्चवर्षीय मानव अधिकार कार्ययोजना (२०७७२०८२)को कार्यान्वयनको सन्दर्भमा अनुगमन प्रभावकारी बनाउन स्थानीय सरकारसँग आयोगको वाग्मत प्रदेश कार्यालयबाट निरन्तरता दिनुपर्ने ।

संयोजन/सम्पादन मण्डल
कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी

सुचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा

राष्ट्रिय मानव अधिकार आयोग
केन्द्रीय कार्यालय, हरिहर भवन, ललितपुर